# दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सेवा करारका कर्मचारी अवकास ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
गाउँ कार्यपालिकाबाट मिति २०८०/६/०५
गते स्वीकृत दिप्रुङ चुइचुम्मा गाउँपालिकाको
सेवा करारका कर्मचारी अवकास व्यवस्थापन
सम्बन्धी कार्यविधि, २०८० पाना ३ (तीन)
प्रमाणित गरेको छु ।
लोके[illegible] राई
अध्यक्ष

## दिप्रुङ चुइचुम्मा गाउँपालिका

## खोटाङ

# सेवा करारका कर्मचारी अवकास व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

प्रस्तावनाः

दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/४/१५ गतेको गाउँ कार्यपालिकाको २५ औं बैठकको निर्णय अनुसार सेवा करारका कर्मचारीहरुलाई अवकास दिने निर्णयलाई व्यवस्थित एवं अवकास प्राप्त गर्ने कर्मचारीहरुले प्रदान गरेको सेवालाई प्रोत्साहित गर्ने प्रकियालाई व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकारको प्रयोग गरी दिप्रुङ चुइचुम्मा गाउँ कार्यपालिकाको निर्णयबाट पारित भई यो कार्यविधि स्वीकृत गरी लागू गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "दिप्रुङ चुइचुम्मा गाउँपालिकाको सेवा करारका कर्मचारी अवकास व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) "गाउँपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिकालाई सम्झनु पर्दछ ।

(२) "कार्यपालिका" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(३) "अवकास प्राप्त कर्मचारी" भन्नाले दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/४/१५ गतेको गाउँ कार्यपालिकाको २५ औं बैठकको निर्णयानुसार अवकास प्राप्त गर्ने करार सेवाका कर्मचारीलाई सम्झनु पर्दछ ।

(४) "आर्थिक सुविधा" भन्नाले अवकास प्राप्त गर्ने कर्मचारीले आफ्नो सेवा अवधिमा प्रदान गरेको सेवालाई मध्यनजर गर्दै गाउँपालिकाद्वारा प्रदान गरिने आर्थिक सुविधालाई सम्झनु पर्दछ ।

३. आर्थिक सुविधा : (१) दिप्रुङ चुइचुम्मा गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/४/१५ गतेको गाउँ कार्यपालिकाको २५ औं बैठकको निर्णयानुसार अवकास प्राप्त गर्ने

करार सेवाका हरेक कर्मचारीलाई एक पटकका लागि २ महिना १५ बरावरको आर्थिक सुविधा उपलब्ध गराईनेछ ।

(२) ५० वर्ष उमेर नाघेका अवकास प्राप्त गर्ने सेवा करारका कर्मचारीलाई एक पटकका लागि जनहि रु. ५ लाख रुपैयाँ उपलब्ध गराईनेछ, तर उपदफा १ बमोजिमको सुविधा भने उपलब्ध गराईने छैन ।

(३) अवकास प्राप्त गरेका कर्मचारीहरुको गाउँ कार्यपालिकाको निर्णयानुसार करार सेवा पुनः थप वा नवीकरण भएमा वा निज कर्मचारी परीक्षाको माध्यमद्वारा सोहि सेवा समूह/उपसमूह र पदमा पुनः नियुक्त भएमा उपदफा (१), उपदफा (२) वा दुवै बमोजिमको आर्थिक सुविधा भने उपलब्ध गराईने छैन ।

४. **स्पष्टिकरणः** यस कार्यविधि बमोजिम अवकाश प्राप्त कर्मचारी र आर्थिक सुविधा प्राप्त गर्ने करार सेवाका हरेक कर्मचारीलाई निर्णयानुसार रकम उपलब्ध गराइसकेपछि यो कार्यविधि स्वतःनिष्कृय हुनेछ ।